भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुम्रेटार तनहुँ

**भानु नगरपालिका क्षेत्राधिकार भित्रको नदीजन्य पदार्थ बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति (२०७८/०६/०५)**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ६२ क, ११ को उपदफा २ (घ) को खण्ड (६), भानु नगरपालिकाको नदिजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार, बिक्रीवितरण तथा प्रशोधन उद्योग संचालन गर्ने कार्यविधि, २०७५, गण्डकी प्रदेश सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन, क्रसिंङ र बिक्रीवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यबस्थित गर्ने कार्यबिधि २०७५, गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५, सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली, २०६४ (संशोधन समेत) मा भएको व्यवस्था बमोजिम भानु नगरपालिका, नगरकार्यपालिकाको निर्णय अनुसार स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रही तपशिलमा उल्लेख भएको न्यूनतम अंकमा नघट्ने गरी भानु नगरपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका नदीबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) संकलन, उपयोग र बिक्रीवितरण गर्ने सम्बन्धित कार्य आ.ब. २०७८/७९ को बाँकी अबधि देखि २०७९ जेष्ठ मसान्तसम्मको लागि सिलबन्दी बोलपत्र (Hard Copy) मार्फत ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ|

**तपशिल :-**

नदीजन्य पदार्थको संकलन र बिक्री : (ढुंगा गिट्टी, बालुवा ) मर्स्याङ्दी नदीबाट

| सि. नं. | ठेक्का नं. | विवरण | आ.ब. २०७८/७९ मा बिक्रीका लागि तोकिएको अधिकतम् परिमाण (घ.मी.) | आ.ब. २०७८/७९ मा बिक्रीका लागि तोकिएको न्यूनतम अंक (मू. अ. क.बाहेक) रु | बोलपत्र फारम दस्तुर रु | घरौटी रकम रु | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| 1 | Bhanu/Ghat/01/2078/079 | अँधेरी घाट, भानु -१ | ३४८१.०० | १०,००,०००/०० | ३०००/- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| 2 | Bhanu/Ghat/02/2078/079 | बालुवा घाट, भानु -१ | ७९५३.०० | १५,००,०००/०० | ३०००/- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| 3 | Bhanu/Ghat/03/2078/079 | आम्बोटे घाट ०१, भानु -२ | १४२५.०० | ५,००,००० /०० | १५००/- | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| 4 | Bhanu/Ghat/04/2078/079 | आम्बोटे घाट ०२, भानु -२ | ११७४.०० | ४,००,००० /०० | १५००/- | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| 5 | Bhanu/Ghat/05/2078/079 | जयबुद्द घाट, भानु -३ | ९९१९.०० | ३०,००,०००/०० | ३०००/- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| 6 | Bhanu/Ghat/06/2078/079 | ढुकुर्दी घाट, भानु -३ | १७१२.०० | ४,००,०००/०० | १५००/- | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| 7 | Bhanu/Ghat/07/2078/079 | चाम्बास घाट, भानु -३ | २९६६.०० | ७,००,०००/०० | १५००/- | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| 8 | Bhanu/Ghat/08/2078/079 | बेनीवगर घाट, भानु -८ | ४४६२.०० | १४,००,०००/०० | ३०००/- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| 9 | Bhanu/Ghat/09/2078/079 | बलीफाँट घाट, भानु -८ | २१८५.०० | १०,००,०००/०० | ३०००/- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 10 | Bhanu/Ghat/10/2078/079 | पाताल घाट, भानु ९ | ११०६.०० | ४,००,०००/०० | १५००/- | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| 11 | Bhanu/Ghat/11/2078/079 | लखु ढुंगा घाट, भानु ९ र १० | १४११.०० | ५,००,०००/०० | १५००/- | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| 12 | Bhanu/Ghat/12/2078/079 | रयाले घाट, भानु १० | ४५४४.०० | ८,००,०००/०० | १५००/- | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |

- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदी) बिक्रीदर प्रति क्यू.फिट (कर बाहेक) रु ७/-(सात)

१. यो सूचना प्रकाशित भएको मितिले ठेक्का नं Bhanu/Ghat/01/2078/079, Bhanu/Ghat/02/2078/079, Bhanu/Ghat/05/2078/079, Bhanu/Ghat/08/2078/079 र Bhanu/Ghat/09/2078/079 को लागि ३० औं दिन (२०७८/०७/०३ सम्म) भित्र र अन्य ठेक्काको लागि १५ औ दिन (२०७८/०६/१९ गते) भित्र इच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७७/०७८ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु) संग्लग्न गरी माथि तालिकामा उल्लेखित रकम नगदै तिरी (पछि फिर्ता नहुने गरी) निवेदन पेश गरेमा भानु नगरपालिकाको कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. तोकिएको बोलपत्र फारम खरिद दस्तुर: यस कार्यालयको राजस्व खातामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको ग्लोबल आई एम ई बैंक लि., डुम्रे शाखामा रहेको ग १.१ आन्तरिक राजश्व खाता भानुको खाता नं. C२०४०१००००००९ मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति बोलपत्र कागजात साथ पेश गर्नुपर्नेछ ।

३ बोलपत्र फारामहरु यस कार्यालयबाट खरिद भएका बोलपत्र फाराम सिलवन्दी लाहाछाप लगाई छुट्टाछुट्टै गरी यस कार्यालयमा ठेक्का नं Bhanu/Ghat/01/2078/079, Bhanu/Ghat/02/2078/079, Bhanu/Ghat/05/2078/079, Bhanu/Ghat/08/2078/079 र Bhanu/Ghat/09/2078/079 को लागि मात्र ३१ औं दिन (२०७८/०७/०४ गते) र अन्यको लागि १६ औ दिन (२०७८/०६/२० गते) दिनको १२.०० बजे सम्म भानु नगरपालिकाको कार्यालयमा सबै कागजातहरु ( नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त, फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७७/०७८ को कर चूक्ताको प्रमाणित,तिलिपीहरु) संग्लग्न गरी बोलपत्र पेश गर्नू पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २.०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

४.. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि कबोल गरेको अंकको ५% धरौटी रकम यस कार्यालयको ग्लोबल बैंक लि., डुम्रे शाखामा रहेको ग ३ धरौटि खाता नं C२०४०१००००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर, नगदै वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन (एक सय बिस) दिन मान्य अबधि भएको बैंक जमानी पत्र (Bid Bond) संलग्न गरी खाम बाहिर कुन ठेक्काको लागि पेश गरेको हो, सो प्रष्ट खुलाई सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको सम्बन्धित प्राविधिक समितिबाट तोकिएको चौहद्दी बाट मू.अ.क. बाहेक प्रति घन फिट रु: ७/- (सात रुपैया) क दरले बिक्री गर्नुपर्ने गरी संकलन तथा बिक्री शुल्क तोकिएको छ | साथै तोकिएको दरभन्दा बढी दरमा कर उठाउन र सूचनामा उल्लेख नभएका मालबस्तुमा कर उठाउन पाइने छैन|

६. ठेक्का बन्दोबस्तका लागि उल्लेख भएका खोलानालाको अवस्थाको सन्दर्भमा स्थलगत भ्रमण गरी जांचीबुझी पेश गरेको मानिनेछ

७. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ सूचनामा उल्लेख नभएको कुरा प्रचलित कानुन बमोजिम हुनेछ। बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन|

८. शिलवन्दी बोलपत्र फारम पेश गर्दा पालना गर्नुपर्ने अन्य सर्तहरु बोलपत्र फारामको अनुसुचिमा समावेश गरिएको छ।

९. नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदनलाई पालना गर्नु पर्नेछ ।

१०. अन्य विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको Website: www.bhanumun.gov.np, फोन नं. ९८५६००५१११ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत